त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

# जनसेवा बहुमुखी क्याम्पस

बारबर्दिया-१०,बैदी, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

स्थापना: २०६६

## वार्षिक प्रगती प्रतिवेदन २०८१/०८२

### प्रस्तुत मितिः २०८२/०७/२५ गते

प्रस्तुतकर्ता

कपेन्द्र खड्का

अध्यक्ष

जनसेवा बहुमुखी क्याम्पस

# प्रतिवेदन निर्माण समिति

१. नारायण कुमार श्रेष्ठ (संयोजक)

२. बुद्धिराम चौधरी(सदस्य)

३. जग्गु प्रसाद चौधरी (सदस्य)

क्याम्पस सञ्चालक समितिद्धारा प्रतिवेदन प्रस्तुत मितिः २०८२/०७/२५गते

# सारांश

शिक्षा चेतनाको महत्वपूर्ण आधार हो । एसिया महादेश भित्रको सानो राष्ट्र नेपाल हाम्रो देश शैक्षिक क्षेत्रमा पाईला चाल्दै गरेको भने लामो इतिहास छैन । नयाँ मुलुकका रुपमा परिचित बर्दिया जिल्लाको साबिक धधवार हाल बारबर्दिया नगरपालिकामा बसोबास गर्ने आदिबासी,जनजाति,दलित,महिला र पुरुष सबै लागी आधारभुत शिक्षाको विकल्प रहे पनि उच्च तहको शिक्षामा सधै अभाव थियो। यही अभावलाई पुरा गर्ने उद्देश्य अनुरुप स्नातक तहको उच्च शिक्षाका लागि कक्षा सञ्चालन गर्न  २०६५चैत्र १ गते जनसेवा उ मा.वि. का तत्कालीन व्यवस्थापन समितिले स्नातक तहको पढाई गर्न को लागि व्यापक रुपमा अभिभावकको भेला गर्ने निर्णय पारित ग-यो । उक्त निर्णयलाई आधार मानी मिति २०६५ चैत्र २५ गते तत्कालिन जनसेवा उ मा.वि. का तत्कालीन व्यवस्थापन समितिका अध्यक्ष श्री राम बहादूर पाण्डेको अध्यक्षतामा शिक्षाप्रेमी , समाजसेवी, राजनैतिक दल  सहितको उपस्थितीमा क्याम्पस सञ्चालन र आर्थिक स्रोत जुटाउने , क्याम्पसको नामाकरण र थप आमभेला गर्ने निर्णय पारित गरियो ।   यस क्याम्पसको स्थापना २०६६ सालमा भएको हो ।

त्रि.वि. को सुचनाअनुसार यस क्याम्पसमा मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गतको स्नातक तहको बि.ए. कार्यक्रम संचालन गर्न प्रस्तावना सहित आवेदन पेश भयो । जुन त्रि.वि. कार्यकारी परिषद को मिति २०६६/११/२१ गतेको निर्णयअनुसार शैक्षिक बर्ष २०६६/०६७ देखी संचालन हुने गरी त्रि. वि. योजना महाशाखाको मिति २०६७/०१/१४ गतेको प.स. ११४२ को पत्रअनुसार स्नातक तहमा वि.ए. तर्फ ऐ. अंग्रेजी, ग्रामिण विकास र समाजशास्त्र विषय अध्यापन गराउने स्वीकृती प्राप्त भयो । त्रि.वि. योजना महाशाखाको मिति २०७१/२/२५ प.सं. ३०७१ अनुसार थप १ विषय ऐ. नेपाली पनि संचालनार्थ स्वीकृति प्राप्त भयो ।

यस क्याम्पसको तदर्थ समितिको निर्णय अनुसार व्यवस्थापन संकाय अन्तर्गत स्नातक तहको बि.बि.एस कार्यक्रम सञ्चालन गर्न आवेदन पेश गरियो । मिति २०६७/०३/२९ गतेको त्रि.वि. कार्यकारी परिषदको निर्णय अनुसार शै. स. २०६७/०६८ देखी सञ्चालन हुने गरी बि.बि.एस कार्यक्रम सञ्चालन गर्न स्वीकृती प्राप्त भयो।

सर्वप्रथम क्याम्पसको भवनलाई मूर्तरुप प्रदान गर्ने **माननिय संजय कुमार गौतम** ज्यू जसले संसद विकास कोषबाट  ८ कोठे दुई तले १ वटा भवन विभिन्न चरणमा गरी सहयोग गर्नु भएकोमा सहयोगी हातप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै ,जन सेवा बहुमुखी क्याम्पसको विभिन्न निर्माण कार्यहरु तथा अन्य कार्यहरु गर्न अहोरात्र खटनु हुने संचालक समिति अध्यक्ष श्री कृष्ण बहादुर खडका ज्यु लगायत सम्पुर्ण सञ्चालक समिति सदस्यहरु तथा सहयोगी हातहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

विभिन्न उप समिति संयोजकमा रही काम गर्नु हुने सञ्चालक समिति सदस्यहरु श्री महादेव थारु, श्री देबेन्द्र ब. खडका,श्री जुद्द बहादुर सिहं ठकुरी, श्री नन्द ब. खत्री, श्री भक्त ब. बिश्वकर्मा, श्री कमल राज बिश्वकर्मा, श्री दुर्गा ब. बिश्वकर्मा , श्री दिपक राज थापा,श्री भिम ब.चन्द, संस्थापक क्याम्पस प्रमुख श्री मिम ब. खडका, वडा अध्यक्ष श्री निरन्जन कु. चौधरी प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

क्याम्पसमा तत्कालीन अवस्थामै यस क्याम्पसका मानार्थ सदस्य, आजीवन सदस्य, साधारण सदस्य, सामुदायिक वन, यहाँका सम्पूर्ण व्यापारी, बुद्धिजीवी, शिक्षाप्रेमी र आम जनताबाट आर्थिक संकलन गरी निर्माण गरिएका भवनबाट अध्ययन अध्यापन गरिरहेकोमा सो भवनबाट विद्यार्थीको पठन-पाठनमा पूर्ण व्यवस्थापन हुन असजिलो महसुस गरियो । यही समस्यालाई निराकरण गर्न क्याम्पस

सञ्चालक समितिका अध्यक्ष श्री कृण्ण बहादुर खडकाको नेतृत्वमा विश्वविद्यालय अनुदान आयोगमा गई उपकरण शिर्षकमा आ.बर्ष २०७५।०७६ मिति २०७६।०३। २८ मा सम्भौता भई ४,००,०००।- चार लाख रकम विनियोजित भई dell ब्राण्डका ६ वटा कम्प्युटर,ल्यापटप १ वटा तथा कलर प्रिन्टर १ वटा गरी उपकरण खरिद गरिएको थियो । यसै गरि *विश्व विद्यालय अनुदान आयोग*बाट आ. ब. २०७६।७७ मा मिति २०७७।०३।२५ मा सम्भौता भई रु ५०,००,०००।-( पचास लाख ) विनियोजित रकम दुई किस्तामा विनियोजित भई पहिलो किस्तामा रु २५,००,०००।- ( पच्चीस लाख र कार्य सन्तुष्टीको आधारमा दोश्रो किस्तामा रु २५,००,०००।-विनियोजित भई कार्य सम्पन्न भएको छ । यस्तै गरी आ. बर्ष २०७८।०७९को विनियोजित ५००००००।-बजेटबाट दूई किस्तामा सम्झौता अनुसार पहिलो किस्ता रु २५००००० ।- पच्चिस लाखको काम समपन्न भइसकेको र दोश्रो किस्ता रु २५०००००।- को गरी जम्मा रु ५०,००,००० ।- बाट आ.ब २०७९।०८०मा भवन निर्माण कार्य सम्पन्न भएको जानकारी गराईन्छ । यसै गरी आ.ब. २०८०।०८१ मा पुस्तक खरिद अनुदान रकम बापत रु ५,००,०००।- आएकोमा उक्त अनुदान रकमबाट पुस्तकहरु खरिद गरी सो कार्य पनि सम्पन्न भएको जानकारी गराईन्छ । साथै २०८१।०८२ फर्निचर खरिद अनुदान बापत रु ४५००००। प्राप्त भएकोमा उक्त रकमबाट फर्निचर खरिद कार्य सम्पन्न भईसकेको जानकारी गराईन्छ । साथै *विश्व विद्यालय अनुदान आयोगले* आ.ब २०७५ साल देखि नियमित अनुदान रु.४,५०,०००।-(चारलाखपचासहजार) बाट बढाउदै रु.७,००,०००।-(सात लाख) बाट आ.ब २०७९।०८० मा नियमित अनुदान रु.९,८००००।- आ.ब. २०८०।०८१ मा अनुदान रकम रु ९,९४,२००।- साथै २०८१।०८२ मा अनुदान रकम बृद्धि गरी रु १०१५००० ।-पुऱ्याइएकोमा *विश्व विद्यालय अनुदानलाई* विशेष धन्यवाद व्यक्त गर्न चहान्छु । क्याम्पसको भवन, खेलमैदान आदिको कम्पाण्डवालको कुल लम्बाई ५०० मिटर रहेकोमा आ.ब. २०७५२०७६मा लुम्बिनी प्रदेश सरकारको सामाजिक बिकास मन्त्रालयको शिक्षाबिकास निर्देशानय बुटवलको र क्याम्पसको आन्तरिक स्रोत रु.१५,००,०००।-(पन्ध्रलाखमात्र)बाट २२० मिटरको पक्की कम्पाउण्डवाल निर्माण भएको छ । करिव २७० मिटरको कम्पाउण्डवालको निर्माण कार्य बाँकी रहेको छ साथै प्रदेश सरकारबाट बजेट बिनियोजित भएमा काम समयमै सकिने छ । आ.ब २०७६।७७मा स्थानिय सरकार सहयोग अनुदान रकम रु.७,००,०००।-( सातलाखमात्र) बाट ३ कोठे शौचालय भवन निर्माण भएको थियो साथै आ.व २०७९।०८०मा नगरपालिकाको पूजीँगत बजेट रकम रु.२,९४,०००।-अक्षेरुपी दुई लाख चौरानब्बे हजार मात्र सहयोग अनुदानबाट साइकल स्ट्याण्ड निर्माण भएको छ । यसैगरी गत आ.व २०७९।०८० मा पुस्तकालय तथा अफिस व्यवस्थापनका लागि नगर अनुदान रकम रु .१०,००,०००।-अक्षेरुपी दश लाख मात्र बाट पुस्तकालय तथा क्याम्पसको अफिस, स्टाफ कोठा, फर्निचर निर्माण गरियो । यसैगरी आ.ब. २०८०।०८१ मा नगरबाट पुस्तक खरिद तथा ईन्भर्टर खरिदका लागि ३७०,८४५।- र तारजाली निर्माणका लागि १६०,८४८।- गरी जम्मा रु ५,३१,६९३।- अक्षरुपी पाँच लाख एकतिस हजार छ सय त्रियान्नब्बे रुपैया अनुदान रकम प्राप्त भएको थियो । जस बाट उपर्युक्त शिर्षकमा यस क्याम्पसले खर्च गरी सो को लाभ लिई रहेको छ । आ.ब.२०८०।०८१ मा लुम्बिनी प्रदेश बाट रु ५०००००।- अधुरो पर्खाल निर्माण अनुदान रकम प्राप्त भई आएकोमा सो बजेट बाट पनि यस क्याम्पसको उत्तर दिशा तर्फ ५५ मिटरको पर्खाल निर्माण गरिएको छ ।

हाल यस जनसेवा बहुमुखी क्याम्पसमा मानविकी संकाय वि.ए. र व्यवस्थापन संकाय बि.बि.एस. तर्फ गरी १३५ जना विद्यार्थी अध्यनरत छन् । विद्यार्थी न्युन भएको कारण विभिन्न श्रोतहरुको पहिचान गर्न आवश्यक छ । ति विद्यार्थीहरुको लागि शुलभ तरिकाले पाठ्यपुस्तक उपलब्ध गराई अध्ययन अध्यापनमा सहजता ल्याउनु क्याम्पसको परम कर्तब्य हो । यसै कुरालाई मध्यनजर गर्दै पुस्तक खरिद तर्फ क्याम्पसको ध्यानाकर्षण हुनु वान्छनिय देखिन्छ ।

# विषयसूची


| | |
|---|---|
| १. परिचय/पृष्ठभुमी | ५-७ |
| २. शैक्षिक पक्ष | ८-१४ |
| ३. भौतिक पक्ष | १५-१९ |
| ४. आर्थिक पक्ष | २०-२४ |
| ५. सामाजिक पक्ष | २५-२८ |
| ६. मुद्दा र चुनौतीहरु | २९-३१ |
| ७. वार्षिक कार्ययोजना र अनुमानित बजेट | ३२ |
| ८. उपसंहार/ निष्कर्ष | ३३ |

# परिचय तथा पृष्ठभुमिः

मानव जिवनका लागि शिक्षा अनिवार्य पक्ष हो ।यसले मानिसलाई चेतनशिल प्राणी बनाउनका साथै विवेकशिल प्राणीका रुपमा बाच्न सिकाउछ । एसिया महादेश भित्रको सानो राष्ट्र नेपाल/हाम्रो देश शैक्षिक क्षेत्रमा पाईला चाल्दै गरेको भने लामो इतिहास छैन । नयाँ मुलुकका रुपमा परिचित बर्दिया जिल्लाको साबिक धधवार हाल बारबर्दिया नगरपालिकामा बसोबासगर्ने आदीबासी,जनजाती,दलित,महिला र पुरुष सबै लागी आधारभुत शिक्षाको विकल्प रहे पनि उच्च तहको शिक्षामा सधै अभाव थियो यही अभावलाई पुरा गर्ने उद्देश्य अनुरुप स्नातक तहको उच्च शिक्षाका लागि कक्षा संचालन गर्न २०६५चैत्र १ गते जनसेवा उ मा.वि. का तत्कालिन व्यवस्थापन समितिले स्नातक तहको पढाई गर्न को लागि व्यापक रुपमा अभिभावकको भेला गर्ने निर्णय पारित ग-यो । उक्त निर्णयलाई आधार मानी मिति २०६५ चैत्र २५ गते तत्कालीन जनसेवा उ मा.वि. का तत्कालिन व्यवस्थापन समितिका अध्यक्ष श्री राम बहादूर पाण्डेको अध्यक्षतामा शिक्षाप्रेमी , समाजसेवी, राजनैतिक दल सहितको उपस्थितीमा क्याम्पस संचालन र आर्थिक स्रोत जुटाउने , क्याम्पसको नामाकरण र थप आमभेला गर्ने निर्णय पारित गरियो । यस क्याम्पसको स्थापना २०६६ सालमा भएको हो । सामुदायिक क्याम्पसको रुपमा संचालन गर्नको लागि २०६६ साल बैशाख ४ गतेका दिन साविक धधवार गा.वि.स. भित्रका शिक्षाप्रेमी, समाजसेवी, राजनैतिक दल बुद्धिजिवी तथा अभिभावकहरुको व्यापक भेला गरियो । उक्त भेलाले क्याम्पस संचालन गर्नको लागि दयाराम खड्काको अध्यक्षतामा ३१ सदस्यीय तदर्थ समिती समेत गठन गर्ने कार्य भयो । साथै सोही भेलाको निर्णयअनुसार प्रस्तावित क्याम्पसको नामाकरण तथा ९ सदस्यीय क्याम्पस विधान मस्यौदा समिति साथै आर्थिक संकलन समिति समेत गठन गरियो । जुन नाफा रहित सामुदायिक रुपमा संचालन गर्ने उद्देश्य राखिएको यस क्याम्पसको आर्थिक संकलन कार्य गरियो । क्याम्पसको आर्थिक व्यवस्थापन गर्न सामुदायिक वन , सहकारी संस्था , शिक्षामा सहयोग पुऱ्याउने सम्पुर्ण अभिभावकहरुबाट रकम संकलन गर्ने कार्य भयो । यस क्याम्पसलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि क्याम्पसको विधान समेत बनाईयो । त्रि.वि. को सुचनाअनुसार यस क्याम्पसमा मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गतको स्नातक तहको बि.ए. कार्यक्रम संचालन गर्न प्रस्तावना सहित आवेदन पेश भयो । जुन त्रि.वि. कार्यकारी परिषद को मिति २०६६/११/२१ गतेको निर्णयअनुसार शैक्षिक बर्ष २०६६/०६७ देखी संचालन हुने गरि त्रि. वि. योजना महाशाखाको मिति २०६७/०१/१४ गतेको प.स. ११४२ को पत्रअनुसार स्नातक तहमा वि.ए. तर्फ ऐ. अंग्रेजी, ग्रामिण विकास र समाजशास्त्र विषय अध्यापन गराउने स्वीकृती प्राप्त भयो । त्रि.वि. योजना महाशाखाको मिति २०७१/२/२५ प.सं. ३०७१ अनुसार थप १ विषय ऐ. नेपाली पनि संचालनार्थ स्वीकृति प्राप्त भयो ।

यस क्याम्पसको तदर्थ समितिको निर्णय अनुसार व्यवस्थापन संकाय अन्तर्गत स्नातक तहको बि.बि.एस कार्यक्रम संचालन गर्न आवेदन पेश गरियो । मिति २०६७/०३/२९ गतेको त्रि.वि. कार्यकारी परिषदको निर्णय अनुसार शै. स. २०६७/०६८ देखी संचालन हुने गरि बि.बि.एस कार्यक्रम संचालन गर्न स्वीकृती प्राप्त भयो । जन सेवा बहुमुखी क्याम्पस लुम्बिनी प्रदेश अर्न्तगत बर्दिया जिल्ला बार बर्दिया नगरपालिका वडा न.१० बैदीमा अवस्थित सामुदायिक स्तरबाट संचालित त्रि.विबाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसको रुपमा संचालित हुदै आइरहेको छ ।

यस क्याम्पसको क्याम्पस संचालन गर्नको लागि बर्तमान अबस्थामा २ वटा भबन रहेको छ । उक्त भबनमा १२ बटा कक्षाकोठाहरु रहेका छन् । जम्मा १२ बटा कोठाहरुमा १ वटा कोठामा क्याम्पसको कार्यालय रहेको छ भने ८ वटा कोठाहरुमा बि.ए. र बि.बि.एस. का कक्षा संचालन भएका छन् । मानबिकी र ब्यबस्थापनको र्सकाय ४ बर्षे कार्यक्रममा ८ वटा कक्षा कोठाहरुको

आबश्यकता पर्दछ ।ऐच्छिक विषय कक्षा संचालन , पुस्तकालय र कम्प्युटर ब्यबस्थापनको लागि ४ वटा कोठाको अभाब छ । यो क्याम्पस त्रि.वि. बाट सम्बन्धन प्राप्त क्याम्पस हो । जसमा विभिन्न निकायहरु बाट आर्थिक, शैक्षिक गुणस्तर विस्तारका लागि विभिन्न अनुदानहरु आईरहेको छ ।शैक्षिक गुणस्तर तथा भौतिक सुधारका लागि बि.स.२०७५मा महायज्ञ लगाइ आर्थिक संकलन गरी क्याम्पसको विभिन्न क्षेत्रमा आर्थिक, शैक्षिक गुणस्तर विस्तारमा सहयोग पुगेको थियो साथै आ.ब २०७५/०७६मा प्रदेश सरकार लुम्विनी प्रदेश बाट पर्खाल निर्माण सहयोग ,आ.ब २०७४/०७५मा स्थानिय निकाय बारबर्दिया न.पा वडा १०को कार्यालयबाट झ्याल पल्ला तथा शौचालय निर्माणमा सहयोग प्राप्त भएको थियो ।

यसै गरी *विश्व विद्यालय अनुदान आयोगबाट* आ.बर्ष २०७५।०७६ मा उपकरण शिर्षकमा मिति २०७६।०३ । २८ मा सम्भौता भई ४,००,०००।- चार लाख रकम विनियोजित भई डेलdell ब्राण्डका ६ वटा कम्प्युटर,ल्यापटप १ वटा तथा कलर प्रिन्टर १ वटा गरी उपकरण खरिद गरिएको थियो । यसै गरि *विश्व विद्यालय अनुदान आयोगबाट* आ. ब. २०७६।७७ मा मिति २०७७।०३।२५ मा सम्भौता भई रु ५०,००,०००।-( पचास लाख ) विनियोजित रकम दुई किस्तामा विनियोजित भई पहिलो किस्तामा रु २५,००,०००।- ( पच्चीस लाख र कार्य सन्तुष्टीको आधारमा दोश्रो किस्तामा रु २५,००,०००।-विनियोजित भई कार्य सम्पन्न भएको छ । यस्तै गरी आ. बर्ष २०७८।०७९को विनियोजित ५००००००।-बजेटबाट दूई किस्तामा सम्झौता अनुसार पहिलो किस्ता रु २५००००० ।- पच्चिस लाखको काम समपन्न भइसकेको र दोश्रो किस्ता रु २५०००००।- को गरी जम्मा रु ५०,००,००० ।- बाट आ.ब २०७९।०८०मा भवन निर्माण कार्य सम्पन्न भएको जानकारी गराईन्छ यसै गरी आ.ब. २०८०।०८१ मा पुस्तक खरिद अनुदान रकम बापत रु ५,००,०००।- आएकोमा उक्त अनुदान रकमबाट पुस्तकहरु खरिद गरी सो कार्य पनि सम्पन्न भएको जानकारी गराईन्छ । यसैगरी २०८१।०८२ मा फर्निचर खरिद अनुदान बापत रु ४५००००।- प्राप्त भई आएको मा सो रकमबाट फर्निचर खरिद कार्य सम्पन्न भईसकेको जानकारी गराईन्छ । साथै *विश्व विद्यालय अनुदान आयोगले* आ.ब २०७५ साल देखि नियमित अनुदान रु.४,५०,०००।-(चारलाखपचासहजार) बाट बढाउदै रु.७,००,०००।-(सात लाख) बाट आ.ब २०७९।०८० मा नियमित अनुदान रु.९,८००००।- प्राप्त भएको थियो । आ.ब. २०८०।०८१ मा अनुदान रकममा रु ९,९४,२००।- प्राप्त भएको थियो । साथै २०८१।०८२ मा अनुदान रकम बृद्धि गरी रु १०१५०००।- पुऱ्याईएको मा *विश्व विद्यालय अनुदानलाई* विशेष धन्यवाद व्यक्त गर्न चहान्छु ।

सर्व प्रथम क्याम्पसको भवनलाई मूर्तरुप प्रदान गर्ने माननिय संजय कुमार गौतम ज्यू जसले संसद विकास कोषबाट ८ कोठे दुई तले १ वटा भवन विभिन्न चरणमा गरी सहयोग गर्नु भएकोमा सहयोगी हात प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै ,जन सेवा बहुमुखी क्याम्पसको विभिन्न निर्माण कार्यहरु तथा अन्य कार्यहरु गर्न अहोरात्र खटनु हुने संचालक समिति अध्यक्ष श्री कृष्ण बहादुर खडका ज्यु लगायत सम्पुर्ण संचालक समिति सदस्यहरु तथा सहयोगी हातहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

विभिन्न उप समिति संयोजकमा रही काम गर्नु हुने संचालक समिति सदस्यहरु श्री महादेव थारु, श्री देबेन्द्र ब. खडका,श्री जुद्द बहादुर सिहं ठकुरी, श्री नन्द ब. खत्री, श्री भक्त ब. बिश्वकर्मा, श्री कमल राज बिश्वकर्मा, श्री दुर्गा ब. बिश्वकर्मा , श्री दिपक राज थापा,श्री भिम ब.चन्द, संस्थापक क्याम्पस प्रमुख श्री मिम ब. खडका, वडा अध्यक्ष श्री निरन्जन कु. चौधरी प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

*यस क्याम्पसको वर्तमान अवस्थाको संक्षिप्त विवरण* निवेदन गर्दछु । हाल जन सेवा बहुमुखी क्याम्पसमा प्राध्यापक १२ जना रहेका छन । जसमा पुर्णकालिन तर्फ १ जना शिक्षक , लेखापाल १ जना,कार्यलय सहयोगी १ जना र १३ जना आ.शि.प्राध्यापकहरु गरी जम्मा १५ जना शिक्षक तथा कर्मचारी रहेका छन । हाल यस जन सेवा क्याम्पसमा बि.ए तर्फ ५४ र बि.बि.एस तर्फ ८१ गरी जम्मा विद्यार्थी १३५ जना अध्ययनरत छन । जसमध्ये छात्र ४४ र छात्रा ९१ जना रहेका छन । जसमा,

| | | |
|---|---|---|
| जनजाति | ( छात्र - २४ | छात्रा -६६ |
| दलित | ( छात्र -५ | छात्रा -३ |
| पि.क्षेरअल्पसंख्यक | ( छात्र ० | छात्रा - २ |
| मुस्लिम | ( छात्र ० | छात्रा ० |
| अन्य | ( छात्र-१५ | छात्रा -२० |

जम्मा संख्या छात्र ४४ छात्रा ९१ गरी कुल जम्मा १३५ जना रहेका छन यस क्षेत्रका गरिब असहाय, दलित, जनजाति वर्गका विद्यार्थीहरुको सहजताको लागि स्थापित यस जन सेवा क्याम्पसलाई सजिलो र सहज तरिकाबाट नजिकै बाँसगढी न.पा लक्ष्मणामा अवस्थित बर्दिया बहुमुखी क्याम्पसमा बि.स. २०७३ साल देखि विद्यार्थीलाई बार्षिक परीक्षा केन्द्र को रुपमा ल्याई सजिलो र सहज तरिकाले परीक्षामा सामेल गराउदै यस क्याम्पसमा विद्यार्थीहरु लाभान्वित भइरहेका छन ।

हाल यस क्याम्पसमा निम्न अनुसारका संकाय ,विषय , विभागहरु र अन्य शिक्षण समिति रहेका व्यवहोरा निवेदन गर्दछु ।

बि.ए (( अंग्रेजी, नेपाली, समाजशास्त्र, ग्रामिण विकास

बि.बि.एस (( लेखा तथा बजारशास्त्र

**प्राध्यापक संघ**

१. श्री भोज राज पोखरेल ( संयोजक अध्यक्ष)

२. श्री बुद्धि राम चौधरी ( उप संयोजक)

३. श्री जीत राम चौधरी ( सचिब)

**मानविकी संकाय**

१. श्री. बुद्धि राम चौधरी (संयोजक प्रमुख)

२ .श्री.देबेन्द्र ब के सी (सदस्य)

३. श्री. बिख्खा ब. थारु (सदस्य)

४. श्री. जित राम चौधरी (सदस्य)

५. श्री. सन्त राम चौधरी (सदस्य)

*६. श्री राम प्रसाद थारु (सदस्य)*

**व्यवस्थापन संकाय**

१.श्री. प्रदिप कुमार थारु (संयोजक प्रमुख)

२. श्री दिपक लम्साल (सदस्य)

३. श्री नारायण प्र सुवेदी.(सदस्य)

५. श्री नारायण कुमार श्रेष्ठ.(सदस्य)

**अनुसन्धानात्मक मुल्याङ्कन समिति ( Research Evaluation Team)**

१. श्री नारायण प्र. सुवेदी ( संयोजक प्रमुख)
२.श्री देबेन्द्र ब केसी (सदस्य)
३. श्री प्रदिप कुमार थारु( सदस्य)
४. श्री राम प्रसाद थारु ( सदस्य)
५. श्री जीत राम चौधरी (सदस्य

## शैक्षिक पक्ष:

**यस क्याम्पसले मानविकी संकाय र व्यवस्थापन संकाय संचालन गरी रहेको छ, मानविकी संकाय संचालन गरी रहेकोले प्रतिवेदन लेखन सिकाई क्रियाकलापमा प्रयोगात्मक विधी अवलम्बन गर्दै शैक्षिक सत्र को अन्त्यतिर प्रयोगात्मक प रिक्षाको रुपमा विद्यार्थीहरुलाई सिकाई तथा फिल्ड वर्क गराईदै आएको छ। त्यसै गरी पाठ्य वस्तुका प्रकृती अनुसार आधुनिक प्रविधी जस्तै प्रोजेक्टर , कम्प्युटर आदी शिक्षण सिकाई क्रियाकलापमा प्रयोग गर्दै आईरहेको छ। अध्यापनरत शिक्षक हरुले विद्यर्थीहरुलाई आवश्यकता अनुसार सभा र छलफलहरुमा भाषा र भाषाका वर्तमान मुद्दाहरुमा छलफल गराउदै आईहनु भएको छ । त्यसरी नै व्यवस्थापन संकायका विद्यार्थीहरुलाई नियमित पठन – पाठनका क्रियकलापका अतिरिक्त आफ्नै स्थानिय क्षेत्रमा संचालित विभिन्न वित्तिय संस्थाहरुमा इन्टर्नसिपका लागि सहभागि गराउँदै आएको । यद्यपी यस क्याम्पसमा अधिकतम शिक्षण सिकाई क्रियाकलापहरु परम्परा गतिविधि नै उपयोग हुदै आईरहेको छ ।**

प्रमुख उपलब्धीहरुः

## शैक्षिक उपलब्धी:

**यस क्याम्पसले स्थापनाकालदेखि नै गुणस्तरिय शिक्षामा जोड दिदै आईरहेको छ । क्यम्प सको शिक्षण सिकाई क्रियकलापमा १२ जना पुरुष प्रध्यापक र ० जना महिला प्रध्या पक गरी जम्मा १२ जना प्राध्यापक लगायत २ जना कर्माचारी सहि त जम्मा १४ जना मानव संसाधन संलग्न रहेका छन । यस क्याम्पसमा स्नातक तह का २ वटा संकायहरुमा अध्यपन हुदै आईरहेको छ । यस क्याम्पसमा अध्ययनरत जम्मा १३५ जना विद्यार्थीहरु मध्ये मानविकी संकाय तर्फ १६जना छात्र , ३६ जना छात्रा गरी जम्मा ५४ जना र व्यवस्थापन तर्फ २१ जना छात्र र ५८जना छात्रा गरी कुल जम्मा १३५ जना विद्यार्थीहरु अध्ययनरत छ ।**

**यस क्याम्पसले आफ्नो स्थापना कालदेखी नै गुनस्तरिय शिक्षामा जोड दिदै आई रहेको छ । य द्यपि परीक्षा नतिजामा सन्तोष मान्ने स्तिथि नरहे पनि सुधारोन्मुख रहेको छ । आगमी बर्षहरुमा परिणाम मुखी शिक्षाका लागि शिक्षक विद्यार्थी , क्याम्पस प्रशासन र व्यवस्थापन पक्षबाट समेत आवश्यक पहल गर्दै अगाडी बढ्नु पर्ने देखिन्छ ।**

विगत ३बर्षको भर्ना प्रवृति विश्लेषण

**विद्यार्थी भर्ना विवरण २०७८।०७९**

| कक्षा | वर्ष | छात्र | छात्रा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| **B.A** | प्रथम | ११ | २० | ३१ | |
| | दोश्रो | ८ | ११ | १९ | |
| | तेश्रो | ७ | १५ | २२ | |
| | **जम्मा** | **२६** | **४६** | **७२** | |
| **B.B.S.** | प्रथम | १३ | १८ | ३१ | |
| | दोश्रो | १५ | २० | ३५ | |
| | तेश्रो | ५ | ७ | १२ | |
| | चौथो | १ | १ | २ | |
| | **जम्मा** | **३४** | **४६** | **८०** | |
| **BA/BBS** | **कूल जम्मा** | **६०** | **९२** | **१५२** | |

**विद्यार्थी भर्ना विवरण २०७९।८०**

| कक्षा | वर्ष | छात्र | छात्रा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| **B.A** | प्रथम | २ | ५ | ७ | |
| | दोश्रो | ११ | २१ | ३२ | |
| | तेश्रो | ९ | ११ | २० | |
| | **जम्मा** | **२२** | **३७** | **५९** | |
| **B.B.S.** | प्रथम | ५ | १० | १५ | |
| | दोश्रो | ११ | १७ | २८ | |
| | तेश्रो | १० | १६ | २६ | |
| | चौथो | ५ | ७ | १२ | |
| | **जम्मा** | **३१** | **५०** | **८१** | |
| **BA/BBS** | **कूल जम्मा** | **५३** | **८७** | **१४०** | |

## विद्यार्थी भर्ना विवरण २०८०।८१

| कक्षा | वर्ष | छात्र | छात्रा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| **B.A** | प्रथम | २ | ५ | ७ | |
| | दोश्रो | ११ | २१ | ३२ | |
| | तेश्रो | ९ | ११ | २० | |
| | **जम्मा** | **२४** | **४५** | **६९** | |
| **B.B.S.** | प्रथम | ५ | १० | १५ | |
| | दोश्रो | ११ | १७ | २८ | |
| | तेश्रो | १० | १६ | २६ | |
| | चौथो | ५ | ७ | १२ | |
| | **जम्मा** | **३१** | **७१** | **१०२** | |
| **BA/BBS** | **कूल जम्मा** | **६९** | **१०२** | **१७१** | |

## क )भर्ना प्रकृती चालु बर्षको

१ हाल यस क्याम्पसमा अध्ययनरत मानविकी संकाय तर्फ ५४ जना र व्यवस्थपन संकाय तर्फ ८१ जना गरी कुल विद्यार्थी संख्या १३५ जना रहेको छ।

**मानविकी संकायको भर्ना रेकर्ड - २०८२**

| | प्रथम बर्ष | | | दोस्रो बर्ष | | | तेस्रो बर्ष | | | चौथौ बर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बर्ष | छात्र | छात्रा | [illegible] | छात्र | छात्रा | [illegible] | छात्र | छात्रा | [illegible] | छात्र | छात्रा | [illegible] | छात्र | छात्रा | [illegible] |
| जनजाती | १ | ० | १ | ६ | ७ | १३ | १ | ३ | ४ | २ | १४ | १६ | १० | २४ | ३४ |
| दलित | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ४ | ० | ४ | ४ | १ | ५ |
| अन्य | ४ | ० | ४ | ० | ३ | ३ | ० | ० | ० | ३ | ३ | ६ | ७ | ६ | १३ |
| मधेसी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| मुस्लिम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| अल्पसंख्यक | ० | ० | ० | ० | १ | १ | ० | १ | १ | ० | ० | ० | ० | २ | २ |
| सिमान्तकृत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| द्वण्ड पीडीत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सहिद | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ५ | ० | ५ | ६ | १२ | १८ | १ | ४ | ५ | ९ | १७ | २६ | २१ | ३३ | ५४ |

टेबल नं.१

**व्यवस्थापन संकायको भर्ना रेकर्ड - २०८२**

| बर्ष | प्रथम बर्ष | | | दोस्रो बर्ष | | | तेस्रो बर्ष | | | चौथौ बर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | [illegible] | छात्र | छात्रा | [illegible] | छात्र | छात्रा | [illegible] | छात्र | छात्रा | [illegible] | छात्र | छात्रा | [illegible] |
| जनजाती | ५ | ७ | १२ | ३ | १७ | २० | १ | ७ | ८ | ५ | ११ | १६ | १४ | ४२ | ५६ |
| दलित | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | २ | ३ | १ | २ | ३ |
| अन्य | १ | ० | १ | १ | ६ | ७ | ३ | २ | ५ | ३ | ६ | ९ | ८ | १४ | २२ |
| मधेसी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| मुस्लिम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| अल्पसंख्यक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सिमान्तकृत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| द्वण्ड पीडीत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सहिद | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ६ | ७ | १३ | ४ | २३ | २७ | ४ | ९ | १३ | ९ | १९ | २८ | २३ | ५८ | ८१ |

टेबल नं.२

मानविकी तथा व्यवस्थापन संकायको भर्ना रेकर्ड २०८२

| बर्ष | प्रथम बर्ष( भर्ना चलिरहेको | | | दोस्रो बर्ष | | | तेस्रो बर्ष | | | चौथौ बर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| जनजाति | ६ | ७ | १३ | ९ | २४ | ३३ | २ | १० | १२ | ७ | २५ | ३२ | २४ | ६६ | ९० |
| दलित | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ५ | २ | ७ | ५ | ३ | ८ |
| अन्य | ५ | ० | ५ | १ | ९ | ८ | ३ | २ | ५ | ६ | ९ | १५ | १५ | २० | ३५ |
| मधेसी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| मुस्लिम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| अल्पसंख्यक | ० | ० | ० | ० | १ | १ | ० | १ | १ | ० | ० | ० | ० | २ | २ |
| सिमान्तकृत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| द्वण्ड पीडीत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सहिद | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ११ | ७ | १८ | १० | ३५ | ४३ | ५ | १३ | १८ | १८ | ३५ | ५४ | ४४ | ९१ | १३५ |

**टेबल नं.३**

बार्षिक परीक्षामा सम्मिलित रेकर्ड अनुसार

| **संचालित संकायःमानविकी** संचालित तहः स्नातक<br>**बार्षिक परीक्षामा सम्मिलित रेकर्ड अनुसार** शैक्षिक सत्र : २०८१ | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **बर्ष** | **प्रथम बर्ष** | | | **दोस्रो बर्ष** | | | **तेस्रो बर्ष** | | | **चौथौ बर्ष** | | | | | |
| | छात्र | छात्रा | सम्मिलित जम्मा | छात्र | छात्रा | सम्मिलित जम्मा | छात्र | छात्रा | सम्मिलित जम्मा | छात्र | छात्रा | सम्मिलित जम्मा | छात्र | छात्रा | सम्मिलित जम्मा |
| जनजाति | ६ | ७ | १३ | १ | ३ | ४ | १ | ५ | ६ | १ | ९ | १० | ९ | २४ | ३३ |
| दलित | ० | १ | १ | ० | ० | ० | १ | ० | १ | ३ | ० | ३ | ४ | १ | ५ |
| अन्य | ० | ३ | ३ | ० | ० | ० | ३ | ३ | ६ | ० | ० | ० | ३ | ६ | ९ |
| मधेसी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| मुस्लिम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| अल्पसंख्यक | ० | १ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| सिमान्तकृत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| द्वण्ड पीडीत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सहिद | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ६ | १२ | १८ | १ | ४ | ५ | ५ | ८ | १३ | ४ | ९ | १३ | १६ | ३३ | ४९ |

**टेबल नं.४**

संचालित संकाय : व्यवस्थापन | संचालित तह : स्नातक

बार्षिक परीक्षामा सम्मिलित रेकर्ड अनुसार | शैक्षिक सत्र : २०८१

| बर्ष | प्रथम बर्ष | | | दोस्रो बर्ष | | | तेस्रो बर्ष | | | चौथौ बर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | सम्मिलित जम्मा | छात्र | छात्रा | सम्मिलित जम्मा | छात्र | छात्रा | सम्मिलित जम्मा | छात्र | छात्रा | सम्मिलित जम्मा | छात्र | छात्रा | सम्मिलित जम्मा |
| जनजाति | ३ | १७ | २० | १ | ७ | ८ | ३ | ६ | ९ | २ | ६ | ८ | ९ | ३६ | ४५ |
| दलित | ० | ० | ० | ० | ० | ० | १ | १ | २ | ० | १ | १ | १ | २ | ३ |
| अन्य | १ | ६ | ७ | ३ | २ | ५ | १ | २ | ३ | ३ | २ | ५ | ८ | १२ | २० |
| मधेसी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| मुस्लिम | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| अल्पसंख्यक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सिमान्तकृत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| द्धण्ड पीडीत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सहिद | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ४ | २३ | २७ | ४ | ९ | १३ | ५ | ९ | १४ | ५ | ९ | १४ | १८ | ५० | ६८ |

टेबल नं.५

यस क्याम्पस बाट विगत ३ बर्षको बार्षिक परिक्षामा सम्मिलित तथा उतिर्ण भएका विद्यार्थिहरुको तहगत नतिजा यस प्रकार रहेको छ ।

## ख ) उतिर्ण विद्यार्थी संख्या

| संकाय | तह | ०७९/०८० | | ०८०/०८१ | | २०८१/०८२ | |
|---|---|---|---|---|---|---|---|
| | | परीक्षामा सम्मिलित | उतिर्ण | परीक्षामा सम्मिलित | उतिर्ण | परीक्षामा सम्मिलित | उतिर्ण |
| मानविकी | पहिलो | २६ | २ | ७ | ० | १८ | १ |
| | दोश्रो | १४ | ८ | १६ | ० | ५ | ० |
| | तेश्रो | १८ | ११ | १३ | ० | १३ | ३ |
| | चौथो | २८ | ० | १५ | ० | १३ | २ |
| व्यवस्थापन | पहिलो | | | | ० | २७ | ० |
| | दोश्रो | २६ | ० | २० | ० | १३ | ० |
| | तेश्रो | ७ | ० | १९ | ० | १४ | २ |
| | चौथो | २ | ० | ४ | ० | १४ | ० |

## ग ) पुरा पास

**विगत ३ बर्षमा पुरा पास विद्यार्थी विवरण**

| तह | शैक्षिक बर्ष | कार्यक्रम | जम्मा | छात्र | छात्रा | जनजाती | दलित | मुस्लिम | मधेशी |
|---|---|---|---|---|---|---|---|---|---|
| स्नातक | ०७९/०८० | वि.ए | ३ | १ | २ | १ | ० | ० | ० |
| | | वि.वि.एस | १ | ० | १ | १ | ० | ० | ० |
| | २०८०/०८१ | वि.ए | १२ | २ | १० | ५ | ४ | ० | ३ |
| | | वि.वि.एस | ० | ० | ० | ० | ० | ० | ० |
| | २०८१/०८२ | वि.ए | ३ | १ | २ | २ | १ | 0 | 0 |
| | | वि.वि.एस | १ | 0 | १ | १ | 0 | 0 | 0 |

**टेबल नं.७**

## घ ) विद्यार्थी उतिर्ण विवरणः

| | विदयार्थी संख्या | छात्र | छात्रा | जनजाति | दलित | अन्य |
|---|---|---|---|---|---|---|
| मानविकी | ५४ | २३ | ३१ | ३५ | ५ | १४ |
| व्यवस्थापन संकाय तर्फ | ११ | ६ | ५ | ७ | १ | ३ |
| कुल जम्मा | ६५ | २९ | ३६ | ४२ | ६ | १७ |

**टेबल नं.८**

**ङ ) कार्यक्रमहरुः**

| तह | कार्यक्रम | विषयहरु | कैफियत |
|---|---|---|---|
| स्नातक | वि.ए. | अङ्ग्रेजी , नेपाली , ग्रामिण विकास ,सामाजशास्त्र | |
| | वि.वि.एस | लेखा र बजारशास्त्र | |

**टेबल नं.९**

## भौतिक पक्ष :

### क.जमिन :

जिल्ला बर्दिया बारबर्दिया नगरपालिका वडा न. १० बैदी निवासी श्री मान बहादुर खत्री ज्युबाट यस जन सेवा बहुमुखी क्याम्पसलाइ जमिन दान गरी क्याम्पसले बारबर्दिया न.पा वडा न. १० बैदीको कि. न. १९९४को ३३८.६३ वर्गमिटर आफै जमिनको प्रमाण पुर्जा प्राप्त गरेको छ। यसमा श्री मान ब. खत्री ज्यु प्रति हार्दिक आभार ब्यक्त गर्दछु । त्यसै गरी जन सेवा मा. वि बैदीले क्याम्पस संचालानार्थ छुट्टायाइएको जमिन मध्ये अन्दाजी २ विगाहामा तारवार तथा अपुरो पर्खाल लगाई छुट्टायाइएको छ र सो हाता भित्र क्याम्पस भवन, खानेपानी, शौचालय, भलिबल कोर्ट, शिला स्तम्भ निर्माण गरिएको छ र बाकी भाग जन सेवा मा. वि. को खेल मैदान रहेको छ।

## ख. भवन संख्या :

यस जन सेवा बहुमुखी क्याम्पसमा दुई तले पक्की ८ कोठे १ भवन(संसद विकास कोष सहयोगार्थक ) र एक तले ४ कोठे १ भवन( विश्व विद्यालय अनुदान आयोग) गरी जम्मा २ भवन संख्यामा जम्मा कोठा संख्या १२ रहेका छन । यस क्याम्पसमा साइकल तथा बाइक स्टेन्डको अभाव रहेको देखिन्छ । यसै गरी यस क्याम्पसमा प्रशासनिक भवन १, लेखा प्रशासन १, कम्प्युटर कोठा १ ,स्टाफ कोठा १ गरी ४ वटा कोठा अफिस प्रायोजनका लागि प्रयोग गरिएका छन र बांकी ८ वटा कक्षा कोठामा बिए तथा बिबिएसका कक्षा संचालन गरिएको छ । साथै यस क्याम्पसका लागि पुस्तकालय तथा ऐच्छिक विषय पढन चाहनेहरुलाई अझै एउटा ४ कोठाको १ भवनको अभाव देखिन्**छ।**

## ख. कक्षाकोठाः

यस जन सेवा बहमुखी क्याम्पस हाल आपनै भवनमा अध्ययन अध्यापन गराउदै आइ रहेको छ।यस क्याम्पसमा हाल १२ वटा कक्षा कोठाहरु रहेका छ र यहाँ वि. ए र बि. बि. एस संकायका विषयहरु पढाई भइरहेका छन तर संकायगत अध्ययन गर्दा आवश्यक प्रशासनिक भवन,अन्य भवनका लागि कोठाको अभाव रहेको छ। क्याम्पसमा भएको भवनमा १ कोठामा कार्यालय र १ कोठामा कम्प्युटर कक्षा संचालनमा रहेको हुनाले प्रयाप्त कोठा छैन।हाल यस क्याम्पसलाई ४ कोठे भवनको आवश्यकता रहेको छ। यस क्याम्पसमा पुस्तकालय तथा अनुसन्धानात्मक तालिम कक्षाकोठाको अभाव खट्किरहेको छ।

## ग. खेलमैदान :

यस क्याम्पसका बिद्यार्थीहरुको लागि जन सेवा मा.वि. ले भोगाधिकार खेलकुद खेल्न लगभग ९,५०० बर्गमिटरमा खेल मैदान पनि दिएको छ।

## घ.कम्पाउण्डवाल :

क्याम्पसको भवन, खेलमैदान आदिको कम्पाण्डवालको कुल लम्बाई ५०० मिटर रहेकोमा आ.ब. २०७५/०७६मा लुम्बिनी प्रदेश सरकारको सामाजिक बिकास मन्त्रालयको शिक्षा बिकास निर्देशानय बुटवलको र क्याम्पसको आन्तरिक स्रोतबाट २२० मिटरको पक्की कम्पाउण्डवाल निर्माण भएको छ।

करिव २७० मिटरको कम्पाउण्डवालको निर्माण कार्य बाँकी रहेको छ साथै प्रदेश सरकारबाट बजेट बिनियोजित भएमा काम समयमै सकिने छ ।

## ङ.खानेपानीको अबस्था :

यस क्याम्पसमा अध्ययनरत बिद्यार्थी , शिक्षकको लागि खानेपानीको ब्यबस्था ठिकै रहेको छ । पक्की घर माथि १००० लिटरको पानीटयाँङ्की र त्यसमा जोडिएको ८ बटा पानीको धारा रहेको छ । त्यस्तै गरी पिउने पानीको लागि १ वटा ह्यान्ड पम्प रहेको छ ।

## च. शौचालय :

क्याम्पसको अध्ययनरत बिद्यार्थीहरुमा १ कोठा छात्रा , १ कोठा छात्र र १ कोठा शिक्षकको लागि १ बटा पक्की शौचालय भवन छ । साथै छात्रा मैत्री शौचालयको अभाव रहेको छ र प्रयाप्त शौचालयको अभाव रहेको छ।

## छ. पुस्तकालय :

बिद्यार्थीहरुको लागि पुस्तकालय कोठा भएको तर प्रयाप्त पुस्तकहरुको अभाव भएकोले पुस्तकालय व्यवस्थापन राम्रो छैन । हाल यस क्याम्पसमा बिद्यार्थीको अध्ययनको लागि ४०० सान्दर्भिक पुस्तक रहेका छन् । साथै यु.जि.सी, स्थानिय सरकार र नगरपालिकाबाट पनि पुस्तक खरिद अनुदान प्राप्त भईरहेको छ , जसले गर्दा पुस्तकालय व्यवस्थापनमा सहज भईरहेको छ ।

## ज. फर्निचर

